# गुल्मीदरबार गाउँपालिका

## स्थानीय राजपत्र


खण्ड : ५ संख्या :४ असार ०६, २०८२


### भाग-३

### सूचना

गुल्मीदरबार गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८२/०३/०५ गते बसेको गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरुको यो सूचना प्रकाशन गरिएको छ।

| सि.नं. | निर्णय |
|---|---|
| १ | यस भन्दा अगाडी कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको छलफल तथा समिक्षा गरियो । निर्णय कार्यान्वयनको अवस्था सन्तोष जनक पाइयो । |
| २ | गुल्मीदरबार गाउँपालिका स्थानीय पूर्वाधार सहयोग कार्यक्रम लागत साझेदारीमा छनौटमा परेको हुँदा योजना तर्जुमाका चरणहरु पूरा गर्नका लागि सूचना प्रकाशन गर्ने, बस्तिस्तरमा भेला गरेर योजना छनौट गरी वडा समितिले प्राथमिकिकरण गरि गाउँपालिकामा प्राप्त योजनाहरुबाट गाउँपालिकाले प्राथमिकिकरण गर्दा एक वडा एक पूर्वाधार योजना निर्माणको लागि प्रत्येक वडाले योजना छनौट गरी पठाउने निर्णय गरियो । |
| ३ | मालपोत कार्यालय तमघास र मालपोत कार्यालय मजुवा बजारको पत्र बमोजिम आ.व.०८२/०८३ को लागि घरजग्गा रजिष्ट्रेशन शुल्कको सम्बन्धमा चालु आ.व.२०८१/०८२ मा भएको व्यवस्थालाई यथावत कायम गर्न सिफारिस गर्ने निर्णय गरियो । |
| ४ | आर्थिक सहायतामा शिर्षक र विपन्न आर्थिक सहायता खर्च शिर्षकमा रकम कम भएको हुँदा सकारात्मक सोच सम्बन्धी कार्यक्रमबाट रु.७५०००।, संस्थागत सहयोग शिर्षकबाट रु.१५००००।–र सिपविकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च शिर्षकबाट रु.१०००००।– रकमान्तर गरि आर्थिक सहायता खर्च शिर्षकमा रु.२७५०००।– र विपन्न वर्ग विशेष कार्यक्रम खर्च शिर्षकमा रु.५००००।– थप गर्ने निर्णय गरियो । |
| ५ | गुल्मीदरबार गाउँपालिका वडा नं. १ को रहखोला लिफ्टिङ्ग खानेपानी योजनाको टंकी घेराबारको लागि लागत स्टिमेट बमोजिमको काम सम्पन्न भएको रकम लागत साझेदारी खर्च शिर्षकबाट उपलब्ध गराउने र वडा नं. ७ दोवाटा भर्लारुख रेसुङ्गा एयरपोर्ट जोड्ने सडक निर्माणको क्रममा जोखिम व्यवस्थापन गर्दा भएको थप कामको लागत स्टिमेट र मूल्याङ्कन बमोजिमको रकम भैपरि आउने पूँजीगत खर्च शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो । |
| ६ | **ग** वर्गका अपाङ्गको सामाजिक सुरक्षा भत्ता रकम कार्यविधि बमोजिम मासिक रु.५००।– का दरले वितरण गर्ने निर्णय गरियो । |
| ७ | जिल्लास्तरिय क्रिकेट खेलमा गुल्मीदरबार गाउँपालिका प्रथम भएको हुँदा खेलाडीहरुको खाजा खाना खर्च वपत प्रतिदिन सहभागीहरुलाई रु.१०००।– का दरले बिलभरपाई बमोजिम जम्मा रु.३००००।–उपलब्ध गराउने निर्णय गरियो । |
| ८ | बाँदरले कृषकहरुको खेतिपातिमा नोक्सानी गर्ने भएको हुँदा प्रत्येक वडालाई बाँदर हेरालुको लागि रु.१/१ लाख आगामी आ.व.२०८२/०८३ को बजेटबाट रकम सुनिश्चित गर्ने र वडाले आवश्यकता अनुसार कामकाज गराउने निर्णय गरियो । |
| ९ | वर्षा शुरु भएको हुँदा आउन सक्ने विपदको लागि हाल १०/१० वटा त्रिपाल वडाहरुलाई उपलब्ध गराउने र थप आवश्यकता बमोजिम त्रिपाल विपद व्यवस्थापन खर्च शिर्षकबाट खरिद गर्ने निर्णय गरियो । |
| १० | गुल्मीदरबार गाउँपालिका वडा नं. १, ४ र ६ का मुख्यमन्त्री नवप्रवर्तन कार्यक्रमका सूचिकृत थप कृषकहरुले आलुको विउ खरिद गरि लगाएको हुँदा निजहरुको लागत साझेदारीमा हुने रकम रु.१५००००।– नवप्रवर्तन कार्यक्रम बाट भुक्तानी गर्ने निर्णय गरियो । |
| ११ | आ.व.२०८२/०८३ को नीति तथा कार्यक्रम स्वीकृत गरि गाउँ सभाको १७औं अधिवेशनको पहिलो बैठकमा छलफल तथा स्वीकृतीका लागि पेश गर्ने निर्णय गरियो । |

आज्ञाले,

(भेषराज घिमिरे)

प्रमुख प्रशासकीय अधिकृत